# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक २११ काठमाडौं शुक्रबार, १५ मंसिर २०८० Prabhab National Daily Friday, December 1, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## 'मिसन ८४' माथि रवि र बालेनको 'ब्याटल'

■ प्रभाव संवाददाता




व्यवस्था संकटमा परे जोगाउने जनता छन् । साथीहरू, त्यसैले मिसन ८४ को नारा फेरिन पनि सक्छ, फेर्न पर्ने पनि हुन सक्छ ।

■ रवि लामिछाने
सभापति, रास्वपा

देश बन्छ, तिमीहरूको ८४ ले बन्दैन, तिमीहरूको ८४ सक्किएर बन्छ, तिमीहरूलाई सक्काएर बन्छ ।

■ बालेन्द्र साह (बालेन)
प्रमुख, काठमाडौं महानगरपालिका

**काठमाडौं–** निर्वाचनमा होमिनसाथ चौथो शक्ति बनेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) अझै शक्ति आर्जन गर्ने दाउमा छ । पुष्पकमल दाहाल नेतृत्वको सरकारमा केही समय सत्ता स्वाद चाखेको पार्टीका सभापति रवि लामिछाने यही दाउका साथ गत असारबाट 'मिसन ८४' मा छन् ।

मिसन २४ को एउटै लक्ष्य हो- अब हुने चुनावमा रास्वपाको बहुमत । चाडपर्वका कारण संसद ठप्प रहेको बेला रास्वपा घरदैलो प्रचारमा हिँड्यो । यहीबेला रास्वपाले मधेस केन्द्रित केन्द्रीय समिति बैठक राख्यो । महोत्तरीको जलेश्वरमा बुधबारबाट सुरु भएको बैठकले पार्टीको राजनीतिक मुद्दा पनि तय हुँदै थियो ।

यही दिन काठमाडौं महानगरका प्रमुख बालेन्द्र(बालेन) साहले आफ्नो भेरिफाइड पेजमा स्टेटस सेयर गरे । साहले लेखेका छन्, 'देश बन्छ, तिमीहरूको ८४ ले बन्दैन, तिमीहरूको ८४ सक्किएर बन्छ, तिमीहरूलाई सक्काएर बन्छ ।'

बालेनको यो प्रहार रास्वपाको अभियानलाई भएको बताइएको छ । उसो त सरकारबाट बाहिरिएपछि कामविहीन बनेका प्रमुख प्रतिपक्षी दल नेकपा एमाले पनि मिसन ८४ मै लागेको छ भने माओवादी र कांग्रेसको पनि यस्तै अभियान जारी छ । राष्ट्रिय प्रजातन्त्र पार्टी राजसंस्थाको मुद्दा लिएर मिसन ८४ मै छ । यद्यपि रास्वपाले राजनीतिक प्रतिवेदन बनाउँदै गर्दा बालेनको प्रहार लामिछानेमाथि नै भएको प्रस्ट देखिन्छ ।

काठमाडौं महानगरमा बालेनको जितपछि रविका लागि चुनावी आधार तय भएको थियो । नयाँ राजनीतिक शक्तिका रूपमा लामिछाने अघि बढेपछि बालेन रुष्ट रहेको उनकै निकटास्थहरू बताउँछन् । पुराना राजनीतिक दल अहिले रविसँग भन्दा बालेनसँग त्रसित रहेको बताइन्छ । यद्यपि बालेन र रवि भने एकले अर्कोलाई नस्वीकार्ने अडानमा छन् ।

यसको जनाउ लामिछानेले दिइसकेका छन् राजनीतिक प्रतिवेदनबाटै । बिहीबार सार्वजनिक लामिछानेको प्रतिवेदन हेर्दा उनी बालेनको बोलीबाट झस्किएको प्रष्टिन्छ । १२ पृष्ठ लामो प्रतिवेदनमा लामिछानेले 'मिसन ८४ को व्याख्या गर्दै यो नारा फेरिनसक्ने बताएका छन् ।

'सरकारको नेतृत्वकर्ता दल नै ८४ को चुनावमा यसो गर्छु भन्दै छ । सत्ता साझेदार दलका शीर्ष नेताहरू सरकारको कामबाट व्यापक असन्तुष्ट छन्,' प्रतिवेदनमा भनिएको छ, 'अर्को चुनावमा गठबन्धन हुँदैन भन्दै ८४ कै चुनाव ताकिरहेका छन् । प्रमुख प्रतिपक्षी दल पनि मिसन ८४ नै भन्दै छ । अन्य दल पनि ८४ तिरै हेरिरहेका छन् ।'

अर्थतन्त्र ओरालो लागेकोको समयमा नागरिक सडकमै आइसकेकोले यो सिलसिला चार वर्ष चले देश उद्योगतिमा जाने दाबी गरेका छन् । यस्तो सहेर ४ वर्षसम्म बस्नुभन्दा देश मध्यावधिमा लैजानु ठीक हुने प्रस्तावसमेत उनले पेस गरेका छन् । 'यही सिलसिला अझै ४ वर्ष चल्ने हो भने मुलुकले बेहोर्ने घाटा हिसाब गरी साध्य छैन ।


(बाँकी पष्ठ २ मा)


## मध्यपहाडबाट एमालेको प्रतिवाद

■ जेबी योञ्जन



**काठमाडौं–** चौतर्फी घेराबन्दीमा परेपछि राजनीतिक रूपमा प्रतिवाद गर्न प्रमुख विपक्षी दल नेकपा एमाले मध्यपहाडमा गएको छ । सुदूरपश्चिम प्रदेशको बैतडीमा पर्ने झुलाघाटमा बिहीबार राष्ट्रिय झण्डा झण्डोतोलन गर्दै मध्यपहाड गएको एमाले सुदूरपूर्वी जिल्ला पाँचथरको चिवाभञ्ज्याङसम्म पुग्ने छ । मध्यपहाड जाने अभियानलाई एमालेले 'झुलाघाट-चिवाभञ्ज्याङ संकल्प यात्रा' भनेको छ । यात्रामा पूर्वप्रधानमन्त्रीसमेत रहेका पार्टी अध्यक्ष केपी शर्मा ओलीसहितका नेताहरू सहभागी छन् ।

विपक्षी धारका राजनीतिक शक्ति तथा समूहहरूको भण्डाफोर र मध्यपहाडको समृद्धिका आधारशीलाहरू पहिचान गर्न अभियान उपयोगी हुने एमालेले जनाएको छ । उक्त दलका अध्यक्ष ओलीले अहिलेको विकृत राजनीतिलाई पनि सही बाटोमा ल्याउन अभियान प्रभावी हुने दाबी गरेका छन् । सरकारको कामकारबाही, अर्थतन्त्र र वर्तमान राजनीतिलाई सही बाटोमा ल्याउने पनि उनको भनाइ छ ।

'यो यात्रा एक प्रकारको परिस्थितिसम्बन्धी जानकारी, राष्ट्रिय शक्ति निर्माणका लागि जागरण अभियान पनि हो,' उनले भने, 'यसले राष्ट्रिय शक्ति निर्माण गर्ने, देश र जनताको हित, सुशासन प्रवर्द्धन तथा देश विकासको पक्षमा महत्त्वपूर्ण योगदान पुग्छ भन्ने विश्वास लिएको छु ।'

ओली नेतृत्वको एमाले हाल सत्ता गठबन्धन, पूर्वमा पहिचान पक्षधर र दुर्गा प्रसाईं नेतृत्वको समूहको घेराबन्दीमा छ । यहीबेला मध्यपहाड पुगेर घेराबन्दीको भण्डाफोर गर्न र राजनीतिक रूपमा प्रतिवाद गर्न एमालेले चाहेको हो ।

राजतन्त्र पक्षधरहरूविरुद्ध पनि प्रस्तुत हुन एमालेले मध्यपहाडी अभियानलाई प्रयोग गर्ने देखिएको छ । पार्टी अध्यक्ष ओलीले राजतन्त्र र हिन्दूराष्ट्र पक्षधरहरूविरुद्ध बिहीबार चर्को अभिव्यक्ति दिए । उनका अनुसार राजावादीले टाउको उठाउन थालेको सरकारकै कामकारबाहीले हो ।

'अहिलेको दुनियाँ कति अगाडि बढिसक्यो तर हाम्रो देश अझै ओरालो लाग्दै छ । म प्रधानमन्त्रीबाट हटाइएपछि अढाई वर्षमा देशको राजनीति अस्थिरतामा गयो । अर्थतन्त्र ओरालो लाग्यो, राजनीतिक अस्थिरता र अराजकतामा गयो,' उनले भने, 'रोजगारीका अवसर समाप्त भए, उद्योग धन्दा खुल्ने होइन भएका पनि बन्द भए ।


(बाँकी पष्ठ २ मा)


फेरि रैती हुन सक्दैनौं । दास हुन सक्दैनौं, छुवाछूतजस्ता प्रथातर्फ फर्किन सक्दैनौं । फेरि जन्मिदै कोही राजा हुने, कोही दास हुने, धनी र गरिब हुने जन्मिछ भनेर मान्दैनौ ।

■ केपी शर्मा ओली
अध्यक्ष, नेकपा एमाले

### किन मध्यपहाडमा एमाले

देश विकास भइरहँदा पनि राजावादी दल राप्रपा र दुर्गा प्रसाईंको समूहले निराशा फैलाउने कोशिस भइरहेको भन्दै ओलीको दल एमाले असन्तुष्ट छ । यसलाई चिर्दै देश बन्ने र बनिरहेको आशा र विश्वास जनतामा जगाउन पनि अभियानको औचित्य हुने एमाले उपाध्यक्ष युवराज ज्ञवालीले बताए ।

उनका अनुसार कम्युनिस्ट पार्टी स्थापना भएको ७५ वर्ष पूरा भएको र यसबीचमा कम्युनिस्ट पार्टीहरूले देशको विकास र समृद्धिका लागि गरेका मूलभूत गतिविधिबारे जनतालाई थाहा दिन पनि अभियान सञ्चालन गर्न लागिएको हो । एमालेले अभियान सञ्चालन गर्न लागेको राजमार्गको पूरा नाम भने 'पुष्पलाल मध्यपहाडी लोकमार्ग' हो ।

नेकपाका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको नामबाट लोकमार्गको नाम राखिएको हो । उनै पुष्पलाल र २००६ सालमा नेकपा स्थापना गरिँदाको इतिहासलाई वर्तमान कम्युनिस्ट आन्दोलनसँग जोड्न पनि अभियान महत्त्वपूर्ण हुने दाबी एमालेको छ ।

तर, अभियानलाई भने अवरोध पुऱ्याउने पहिचानवादीहरूको तयारी छ । उनीहरूले अध्यक्ष ओली, सचिव योगेशकुमार भट्टराईसहितका नेताहरूलाई अभियानमा सहभागी नगर्न चेतावनी नै दिएका छन् । भट्टराई सवार गाडीमा त सोमबार ताप्लेजुङको फुंलिङमा तोडफोड नै भयो । ओली, भट्टराईसँगै प्रदेशका ८२ जना सांसदका कारण प्रदेशको नाम कोशी राखिएको भन्दै पहिचानवादीहरू असन्तुष्ट छन् ।

सन्दर्भः वैदेशिक रोजगार

### रूसी सेनामा संलग्न नेपालीको मृत्यु

## श्रम मन्त्रालयले बनायो अध्ययन समिति

■ प्रभाव संवाददाता

**काठमाडौं–**रुसी सेनामा संलग्न रहेका नेपालीको मृत्यु भएको घटनाबारे अध्ययन गर्न सरकारले समिति गठन गरेको छ । उक्त घटना सार्वजनिक भएपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तीन सदस्यीय अध्ययन समिति गठन गरेको हो ।

रुसी सेनामा संलग्न नेपाली कुन माध्यमबाट रुस पुगे र सेनामा भर्ना भए भन्ने सत्यतथ्य पत्ता लगाउन मन्त्रालयले उपसचिव दीपक ढकालको संयोजकत्वमा वैदेशिक रोजगार शाखाका अधिकृत धनञ्जय यादव र कानुन अधिकृत उषा गौतम सदस्य रहेको अध्ययन समिति गठन गरेको जानकारी दिएको छ ।

आवश्यक अध्ययनका लागि समितिलाई १५ दिनको समय दिइएको छ । मन्त्रालयले विशेषतः रुसी सेनामा नेपाली पठाउने भूमिका निर्वाह गर्नेहरूको पहिचान र वैदेशिक रोजगारसम्बन्धी अनधिकृत गतिविधिमा सक्रिय व्यक्तिहरूको खोजी गर्ने लक्ष्यका साथ अध्ययन समिति गठन गरेको बताइएको छ ।

यसको सत्यतथ्य समितिले १५ दिनपछि दिने प्रतिवेदनबाट थाहा पाइने मन्त्रालयका एक अधिकारीले बताए । उनका अनुसार विभिन्न शैक्षिक परामर्श संस्था (कन्सल्टेन्सी) र ट्राभल एजेन्सीको माध्यमबाट रुस जाने नेपालीहरूको संख्या धेरै छ । यसरी जाने नेपालीहरू रुसी सेनामा भर्ना हुने र रुस-युक्रेन युद्धमा सहभागि हुने गरेको पाइएको छ । रुसी सेनामा संलग्न स्याङ्जाका प्रितम कार्की, दोलखाका राजकुमार रोक्का, इलामका गंगाराज मोक्तान र गोरखाका सन्दीप थपलियाको मृत्यु भएको समाचार सार्वजनिक भइसकेपछि उनीहरू कसरी रुस पुगे त्यसको अध्ययन जरुरी भएको मन्त्रालयले जनाएको छ । यद्यपी यस विषयमा नेपाल सरकारले कुनै प्रतिक्रिया जनाइसकेको छैन ।

मन्त्रालयले गठन गरेको समितिलाई अनधिकृत रूपमा वैदेशिक रोजगारसम्बन्धि कार्य गर्ने कन्सल्टेन्सी र ट्राभल एजेन्सीहरूमाथि पनि अध्ययन गर्ने जिम्मेवारीसमेत प्रदान गरिएको छ । त्यस्तै बन्देज लगाइएका मुलुकमा अवैधरूपमा घरेलु महिला कामदार पठाउने गिरोह तथा म्यानपावरहरूको पहिचान गर्न पनि अध्ययन समितिलाई अधिकार दिइएको छ । पछिल्लो समय खाडी मुलुक साउदी, कतार, कुवेतमा विभिन्न बाटो प्रयोग गरी अवैधरूपमा घरेलु महिला कामदार पठाउने गरेको पाइएको छ ।

## ओमानमा अलपत्र युवतीको उद्धार

काठमाडौं- वैदेशिक रोजगारीको सिलसिलामा ओमान पुगेर अलपत्र परेकी सञ्जिता राजवंशीलाई उद्धार गरी स्वदेश ल्याइएको छ । झापाको मेचीनगर नगरपालिका-१५ निवासी २८ वर्षीया सञ्जितालाई रोजगारदाता कम्पनीले अलपत्र पारेपछि उद्धार गरी स्वदेश फर्काइएको छ । गत असोज ३० गते स्काइ अफ दी वर्ल्ड नामक म्यानपावर कम्पनीले मासिक ५० हजार तलब दिने आश्वासनमा उनलाई ओमानको अल लुल्लाह अल मिथल्ता ट्रेडिङ कम्पनीमा पुऱ्याएको थियो ।

ब्युटीपार्लरको काम दिने भनेर कम्पनीले मुख्य सहरबाट टाढा एकान्तमा रहेको तीनतले भवनमा पुऱ्याएर पर्यटकलाई नुहाइदिने र मसाज गर्ने काममा जबरजस्ती लगाउने प्रयास गरेको थियो । पुरुष पर्यटकलाई नुहाइदिने र मसाज गर्ने काम गर्न अस्वीकार गरेपछि रोजगारदाता कम्पनीका अरेबियन सञ्चालकले मानसिक दबाब दिएर अज्ञात स्थानमा बन्धक बनाएर राखेको उनले बताइन् । कम्पनीका सञ्चालकले मुख थुनेर शारीरिक यातनासमेत दिने गरेको उनले सुनाइन् । सञ्जिताले यो खबर नेपालस्थित आफ्नो परिवारसम्म पुऱ्याएपछि झापा निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभाका सदस्य विश्वप्रकाश शर्मामार्फत ओमानस्थित नेपाली दूतावासले उनको सकुशल उद्धार गरेको जानकारी दिइएको छ ।

सञ्जिताले ओमानमा सकसपूर्ण ४० दिन बिताएकी थिइन् । उद्धारपछि यही मंसिर ११ गते उनी घर आइपुगेकी हुन् । घर आइपुगेपछि उनले ओमानको कालकोठरीबाट बाँचेर आएको बताइन् । 'ओमानमा मलाई चार तले भवनको अँध्यारो कोठामा एक्लै राखेर पर्यटकलाई नुहाइदिने काम गर्न जबरजस्ती गरे,' उनले भनिन्, 'ब्युटीपार्लरको काम दिने भनेर ल्याएको हो, यस्तो काम गर्दिन भनेर मैले ठाडै अस्वीकार गरें । त्यसपछि मलाई उनीहरूले बन्धक बनाएर तनाव दिए ।' उनले मसाजको काम नगर्ने स्पष्ट पार्दै आफूलाई नेपाल फर्किने वातावरण बनाइदिन आग्रह गर्दा रोजगारदाता कम्पनी अल लुल्लाह अल मिथल्ता ट्रेडिङका सञ्चालकले दुई लाख ५० हजार रूपैयाँ माग गरेको बताइन् ।


(बाँकी पष्ठ २ मा)





## पृष्ठ १ बाट क्रमशः

### मध्यपहाडबाट एमालेको...

अनि पनि प्रतिगामी शक्तिहरू टाउको उठाउँदैनन् ?' उनले तस्करी र कमिसनतन्त्रको खेलकै कारण अर्थतन्त्र ओरालो लागेको ठोकुवा गरे । यस्तो स्थितिले जनतामा निराशा र अन्योल पैदा मात्रै होइन, नागरिक विदेश जानुपर्ने अवस्था सिर्जना भएको पनि बताए । यस्तो स्थिति भने प्रतिगामी शक्तिका लागि भने अफवाह फैलाउने अनुकूल समय भएको उल्लेख गरे ।

'प्रतिगामी शक्तिहरू मौका आउँछ कि भनेर दुलोबाट टाउको निकालेर फेरि सल्बलाउन खोजेका छन्,' उनी भन्छन् । तर, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक देश राजतन्त्रात्मक प्रणालीमा नफर्किने ठोकुवा ओलीको छ । नेपाली जनताले पनि रैती हुन नचाहेको बताए । 'हामी पछाडि फर्किन सक्दैनौं, फेरि रैती हुन सक्दैनौं । दास हुन सक्दैनौं, छुवाछूत जस्ता प्रथातर्फ फर्किन सक्दैनौं । फेरि जन्मिदै कोही राजा हुने, कोही दास हुने, धनी र गरिब हुने जन्मिछ भनेर मान्दैनौं,' ओलीले भने ।

दुर्गा प्रसाईं नेतृत्वको समूहले चाहिँ राजतन्त्र र हिन्दूराष्ट्र कायम गराउन संघर्ष प्रारम्भ भएको र हाल गणतन्त्रको जग हल्लिएको समेत जिकिर गर्दै आएको छ । यस्तो अवस्थाबीच ओलीले खण्डनयुक्त अभिव्यक्ति दिएका हुन् ।

#### उपेक्षित भीम रावल

१९ दिन लामो एमालेको संकल्प यात्रामा नेता डा. भीम रावल देखिएका छैनन् । रावलनिकट एक नेताका अनुसार उनलाई बेवास्ता गरेर ओलीले यात्राको थालनी गरेका हुन् । यसो हुनुको कारण भने गत फागुनमा सञ्चालन मिसन ग्रास रुट अभियानलाई लिएर ओली र रावतबीच कडा मतभेद हुनु र रावललाई बाहिर राखेर सुदूरपश्चिम प्रदेश अधिवेशन गर्नु ठानिएको छ ।

### 'मिसन ८४'...

एकातिर मुलुक झन् झन् उधो गतिमा जाने, अर्कातिर सबैलाई अर्को चुनाव चाहिने । त्यसो हो भने चार वर्ष कुरेर मुलुकलाई थप जटिल बनाउने कि मध्यावधिमा लैजाने ?,' लामिछानेले भनेका छन्, 'सकेसम्म सबै पुराना दलहरू मिलेर मिसन ८०, ८१, ८२, ८३ बनाउन सके प्रतिपक्षी भूमिका हामी निभाउँछौं । हैन भने यही बेथितिको निरन्तरता अर्को चार वर्ष मुलुकलाई लाग्ने घाटा धेरै होला कि निर्वाचन गर्ने खर्च धेरै होला ?'

यस्तो अवस्थामा मिसन ८४ को नारा फेरिन सक्ने उनले बताएका हुन् । 'पुराना दलहरू आफूआफू बैठक गरी यो व्यवस्था संकटमा छ भन्दै छन् । वास्तवमा संकटमा व्यवस्था होइन, संकटमा उनीहरू छन्, उनीहरूको राजनीति छ,' लामिछानेले भनेका छन्, 'व्यवस्था संकटमा परे जोगाउने जनता छन् । साथीहरू, त्यसैले मिसन ८४ को नारा फेरिन पनि सक्छ, फेर्न पर्ने पनि हुन सक्छ । पार्टीको सबै संरचना लाई 'स्टचाण्ड बाइ' रहन निर्देशन दिन्छु ।'

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले मंसिर ६ गतेमात्रै केन्द्रीय समिति बैठकमा मध्यावधि हुन सक्ने संकेत गरेका थिए । निर्वाचन भएको एक महिना पूरा नहुँदै ओलीले मध्यावधिको कुरा सुनाएर पार्टी नेताहरूलाई तयार रहन निर्देशन दिएका हुन् ।

### ओमानमा अलपत्र...

'तिमीलाई दुई लाख ५० हजारमा हामीले किनेर ल्याएको हो, त्यो पैसा घरबाट ल्याएर हामीलाई देऊ अनिमात्र घर फर्किन पाउँछौं भन्यो,' रोजगारदाता कम्पनीबाट पाएको सास्ती सुनाउँदै उनले भनिन्, 'त्यसपछि मैले बाँच्ने आशा मारिसकेको थिएँ ।' उनी 'हेयर स्टाइलिस्ट'को काम गर्ने लिखित सम्झौतासहित स्काई अफ दी वर्ल्ड म्यानपावर कम्पनीको विर्तामोड शाखामार्फत ओमान पुगेकी थिइन् । विर्तामोडमा रहेको अप्सरा ब्युटीपार्लरमा काम सिक्दा पार्लरकी सञ्चालक ललिता अधिकारीले स्काई म्यानपावरमार्फत आफूलाई ओमान जान प्रलोभन देखाएको सञ्जिताले सुनाइन् ।

ओमानमा अलपत्र परेपछि सञ्जिताका परिवारका सदस्यहरूले उद्धारका लागि स्काइ मेनपावर कम्पनी र अप्सरा ब्यूटीपार्लर गुहारेका थिए । दुवै पक्षले आफूले जिम्मेवारी नलिने बताएपछि सञ्जिताका काका वृक्षलाल राजवंशी सांसद शर्मालाई भेट्न गएका थिए । 'मलाई कम्पनीले अलपत्र पार्‍यो, छिटो उद्धार भएन भने म झुण्डिएर मर्छु भनेर भतिजीले म्यासेज पठाएपछि हामी अत्तालियौं,' सञ्जिताका काका राजवंशीले भने, 'जसले ओमान पठाएको हो, त्यही म्यानपावर र ब्युटीपार्लरमा जाँदा केही पनि जान्दैनौं भनेर फर्काइदिए ।'

सांसद् शर्माले ओमानस्थित नेपाली दूतावासमा सम्पर्क गरेपछि दूतावासकै पहलमा सञ्जिताको शीघ्र उद्धार भएको थियो । ओमान जाँदा एक लाख ५० हजार रूपैयाँ म्यानपावर कम्पनीले लिएको सञ्जिताले बताइन् । उद्धारपछि घर फर्किंदा निःशुल्क आउन पाएको उनले बताइन् । *रासस*


**प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इन्डष्ट्रिज लि.**

PRABHU STEELS AND HYDRO EQUIPMENT INDUSTRIES LTD.

वीरगंज महानगरपालिका वडा नं. ३२ पर्सा, को

**संस्थापक शेयरमा हकदावी सम्बन्धी ३५ दिने सूचना**

प्रकाशित मितिः मंसिर १५, २०८०

यस कम्पनीको संस्थापक शेयरधनीज्यूहरुले कम्पनीको जगेडामा रहेको शेयर थप लिने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कम्पनीको कुमारी बैंक लि. तिनकुने शाखाको खाता नं.२३५०२६८६९९१००००१ मा प्रति शेयर कम्पनी व्यवस्थापन शुल्क रु.१५/- थप गरि आफुले लिन चाहेको शेयर वापतको रकम दाखिला गर्न अनुरोध गरिएको छ । सो समय भित्र रकम जम्मा गरि दावि नगर्नु भएमा कम्पनीले अन्य लगानीकर्तालाई जगेडामा रहेको शेयर हस्तान्तरण गरि कम्पनीको शेयर लगत बन्द गर्ने व्यहोरा सम्पूर्ण हाल सम्म कायम हुनु भएका शेयरधनीज्यूहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनी सचिव

प्रभु स्टील्स एण्ड हाईड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड

प्रधान कार्यालयः वीरगंज म.न.पा. वडा नं. ३२, पर्सा, नेपाल ।

शाखा कार्यालयः का.म.न.पा. वडा नं. ३२, तिनकुने, काठमाडौं ।

फोन नं. ०१-५९१३७२८/५९१३७२९

Website: www.prabhusteel.com



**UAE मा रोजगारको अवसर** | कम्पनीः CLEANCO TRADING, IMPORTING & SERVICES EST. शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/१०/१९ चलानी नं.: ६०१९५९८७ LT. No.: 280436 पुनर्विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER | 100 | 75 | स. काममा दक्ष | 1000 | ३६,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २२ गते (8 December 2023) मा हुनेछ ।
सिपि होटल, विर्तामोड, झापामा २०८० मंसिर २२ गते (8 December 2023) मा हुनेछ ।
खुकुरी होटल, इटहरी, सुनसरीमा २०८० मंसिर २३ गते (9 December 2023) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २४ गते (10 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश [illegible]

RCC RAJ GROUP OF COMPANIES

**Raj Group Of Company Pvt.Ltd.**

Basundhara-3, Kathmandu, Nepal Tel : 0977-01-4386500

Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

श्रम ईजाजत नं.१२४५/०७३/०७४



कान्ती लोकपथ, बगुवा-टिकाभैरव (१५ कि.मि.) सडक खण्डको स्तरोन्नतिका लागि

**प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१५)

बागमती प्रदेश, ललितपुर जिल्लाको बागमती गाउँपालिकामा कान्ती लोकपथ सडक योजना, सडक विभागद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कान्ती लोकपथ सडक योजना<br>सडक विभाग<br>चाकुपाट, ललितपुर<br>फोन नं.: ०१-५५२१३९७<br>ई-मेल : klrp@dor.gov.np |
| प्रस्तावको व्यहोरा | कान्ती लोकपथ, बगुवा-टिकाभैरव (१५ कि.मि.) सडक खण्ड स्तरोन्नति आयोजना<br>सडकको लम्बाइः १५ कि.मि.<br>प्रस्तावित क्षेत्राधिकार (Right of Way): ५० मि. सडकको बीच रेखाबाट दायाँ/बाँया दुवैतिर २५/२५ मि.)<br>फर्मेसन (Formation) चौडाईः ८.५ मि. (नाली बाहेक)<br>सडकको प्रस्तावित सतह : Asphalt Concrete |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | ललितपुर जिल्लाः बागमती गाउँपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको गाँउपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्याक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगानाः | सम्बन्धित मन्त्रालयको नाम र ठेगानाः | परामर्शदाताको नाम र ठेगानाः |
|---|---|---|
| कान्ती लोकपथ सडक योजना<br>सडक विभाग<br>चाकुपाट, ललितपुर<br>फोन नं.: ०१-५५२१३९७<br>ई-मेल: klrp@dor.gov.np | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सिंहदरबार, काठमाडौं<br>फोन नं.:०१-२११७३२<br>इ-मेल: info@mopit.gov.np | एस. ए. आर. पी. ईन्जिनियरिङ प्रा. लि.<br>ठेगानाः थिमी, भक्तपुर<br>फोन नं.: ९८४९६९४५८५<br>ई-मेलः sarp.amsa@gmail.com |



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : UMR SOLUTIONS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/०५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१४ LT. No. 269953 चलानी नं. ६०१८५७९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Washing and cleaning Workers | 37 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर २२ गते (8th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) कामका विदेश जाँदा [illegible]

श्रम ईजाजत नं ९५७/०६७/०६८

**All Skills International Human Resource Pvt.ltd.**

Maharajganj-03, Basundhara, Kathmandu, Nepal

Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800

E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com

Website : www.allskillsintl.com



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ASAL PASTRIES- SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति २०८०/०८/१३ LT. No. 295686 चलानी नं. ६०२१०७७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 2 | 0 | 800 | २९,०६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Shop Assistant | 3 | 0 | 1100 | ३९,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर २२ गते (8th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस [illegible]

**Global Recruitment Group Pvt.Ltd.**

(BASNET AND GROUP HUMAN RESOURCE PVT LTD)

License No. : 1535/078/079

Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9801193079, 9801193078

Branch Office Pokhara: 9802854870, Branch Office Chitwan: 9857037097

Email : Doc@grgnepal.com.np



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १० अंक २१० मंसिर १४ गते २०८० मा प्रकाशित Sunlight Recruitment Service Pvt.ltd. को Lot No. 295683 को Smart Outsourcing Solution for Trading कम्पनीको विज्ञापनमा अन्तरवार्ता मितिः २०८०/०८/२२ (Dec 8, 2023) हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ ।

Sunlight Recruitment Service Pvt.Ltd.

Shantinagar, Kathmandu, Nepal Tel.01-4620777

E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com

Website : www.sunlightrecruitment.com.np



**अफिसियल कागजात हरायो**

मितिः २०८०/०८/१३ गते काठमाडौं, पुतलीसडकबाट अनामनगर तर्फ जाँदा यस Najmu Inpex , भोटेबहाल २१ को निम्न बमोजिमको अफिसियल कागजातहरू भएको झोला हराएकोले फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

१. Stock Book
२. Vat Bill
३. खरिद बिक्री खाताहरु
४. खरिद बिक्री बिलहरु

ठेगानाः नजमु इम्पेक्स, भोटेबहाल-२१
PAN NO.: 302705519
सम्पर्कः ९८११२९६७०६



**अफिसियल कागजात हरायो**

मितिः २०८०/०८/१३ गते काठमाडौं, पुतलीसडकबाट अनामनगर तर्फ जाँदा यस Queen Collection , कलंकी १४ को देहाय बमोजिमको कागजातहरू हराएकोले फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

१. Star Book
२. Vat Bill
३. खरिद बिक्री खाताहरु
४. खरिद बिक्री बिलहरु

ठेगानाः क्वीन कलेक्सन, कलंकी १४
Pan No: 304932331
सम्पर्कः ९८६६४१६१३०



**सन्तोस वाईबाको नाममा १५ दिने सूचना**

प्रकाशित मितिः २०८०/०८/१५

का.म.पा. वडा नं. ६ बौद्ध पिपल बोट स्थित फुरिता शेर्पाको घर न.५५७ मा तपाई सन्तोस वाईबाले बहालमा लिनु भएको सटर विगात ८ महिनादेखि भाडा नदिई अलटाल गरी बसेकोले आगमी १५ दिनभित्र भाडा चुक्ता गरी दिनुहुन सूचना प्रकाशित गरिएको छ ।

का.म.पा. वडा नं. ६ कार्यालय
बौद्ध, काठमाडौ



**बुद्धशान्ति गाउँपालिका**
**गाउँपालिकाको कार्यालय**
बुधबारे, झापा
कोशी प्रदेश, नेपाल

**उद्योग तथा व्यवसायका लागि जनहितमा जारी सन्देश**

**जथाभावी ढुंगा गिट्टी, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं । • बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं । विपदको घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको निकायमा सुरक्षा सम्पर्क राखौं । • खानेपानीका मुहानहरु सदैव सफा राखौं । जथाभावी फोहोर नफालौं । • शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ । चपीमा मात्र दिसापिसाव गरौं । • सफासँग हात धोएर खाना खाने गरौं । • झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं । घरपालुवा चौपायाहरु छाडा नछाडौं तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं । • सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं । विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं । जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं । • व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं । कर तिरी सभ्य नागरिकको परिचय दिऔं । • यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं । गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं । • राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं । कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं । घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं ।**

१. विक्रेताले विक्री वितरण हुने समानको मूल्य सूची स्पष्ट रूपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. वासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
११. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
१२. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नुपर्नेछ ।
१३. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१४. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१५. ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१६. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौ ।
१७. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनोट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ARCHITECTURE SOLUTIONS FOR PROJECTS EST

पूर्व स्वीकृति मिति २०८०/04/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/१४ LT. No. 290210 चलानी नं. ६०२०५४६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 7 | 0 | 1000 | ३५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ANWAR BIN SALEM BIN AWAD AL RASHIDI BLACKSMITH & ALUMINUM WORKSHOP

पूर्व स्वीकृति मिति २०८०/०८/१३ LT. No. 295654 चलानी नं. ६०२१०७२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 2 | 0 | 1000 | ३५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० मंसिर २४ गते (10th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम [illegible]

**Reliance Recruitment Services Pvt. Ltd.**

Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763

Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

# डिजेल र पेट्रोलको मूल्य घट्यो

**काठमाडौं (प्रस)–** नेपाल आयल निगमले डिजेल र पेट्रोलको मूल्य घटाएको छ । इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट खरिद मूल्य घटेर आएपछि निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको हो । शुक्रबार बिहान १ बजेदेखि लागू हुनेगरी साविकको खुद्रा बिक्री मूल्यमा पेट्रोलमा प्रतिलिटर दुई तथा डिजेल/मट्टितेलमा प्रतिलिटर चार रूपैयाँले घटाइएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए ।

निगमले पहिलो, दोस्रो र तेस्रो वर्गका क्षेत्रमा पेट्रोलको मूल्य प्रतिलिटर क्रमश : १६७ रूपैयाँ ५० पैसा, १६९ रूपैयाँ र १७० रूपैयाँ तोकेको छ । यस्तै पहिलो, दोस्रो र तेस्रो वर्गका क्षेत्रमा डिजेल/मट्टितेलको मूल्य प्रतिलिटर क्रमशः १५७ रूपैयाँ ५० पैसा, १५९ रूपैयाँ र १६० रूपैयाँ कायम गरेको छ ।

आइओसीले बिहीबार नयाँ बिक्री मूल्य पठाउँदै साविकको मूल्यमा पेट्रोलमा प्रतिलिटर दुई रूपैयाँ १२ पैसा र डिजेलको मूल्य प्रतिलिटर चार रूपैयाँ नौ पैसा घटेको जानकारी दिएको निगमले जनाएको छ ।

# निर्वाचन प्रणालीबारे गलत अभिव्यक्ति नदिन प्रमुख आयुक्त थपलियाको आग्रह

**काठमाडौं (प्रस)–** प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन प्रणालीबारे गलत अभिव्यक्ति नदिन जनप्रतिनिधिलाई सुझाव दिएका छन् । दलित महिला केन्द्र नेपालले बिहीबार यहाँ आयोजना गरेको 'निर्वाचन व्यवस्थापन विधेयक सम्बन्धमा सांसदसँग अन्तरक्रिया'मा उनले मतदाताको आत्मसम्मानमा चोट पुग्नेगरी निर्वाचन प्रणाली र लोकतन्त्रविरोधी अभिव्यक्ति नदिन जनप्रतिनिधिलाई सुझाव दिएका हुन् ।

'निर्वाचन प्रणाली र लोकतान्त्रिक प्रणालीविरुद्ध अभिव्यक्ति दिनु हुँदैन, जसरी पनि चुनाव जित्नुपर्छ भन्ने मानसिकताले अभिव्यक्ति दिनु गलत हो,' प्रमुख आयुक्त थपलियाले भने । जनप्रतिनिधिले मुलुकको सार्वभौमसत्ता, लोकतन्त्रका लगायतका विषयमा गहनतापूर्वक विश्लेषण र छलफल गर्न आवश्यक रहेको पनि उनको भनाइ छ ।

प्रमुख आयुक्त थपलियाले संविधानले निर्दिष्ट गरेबमोजिम निर्वाचन व्यवस्थापन विधेयक तयार पारिएको बताए । प्रतिनिधिसभा तथा राष्ट्रियसभाका समिति, महिला सञ्जाल, कानुनविद्लगायत २५ वटा सरोकारवाला पक्षसँगको छलफल, प्रदेश तथा स्थानीयस्तरबाट लिखित सुझाव संकलन गरी आयोगले विधेयक तयार पारेको उनको भनाइ छ ।

आयोगकी उपसचिव लक्ष्मी शर्माले विधेयकमा संविधानको प्रावधान, अदालतको आदेश तथा कानुनी व्यवस्था समेटी विधेयक संशोधन एवं परिमार्जन गरी समसामयिक बनाइएको बताइन् । दलित महिला केन्द्र नेपालका कार्यकारी निर्देशक तेजेन्द्र लामाले लोकतन्त्र सुदृढ बनाउनेतर्फ आयोगको ठूलो भूमिका रहेको बताउँदै केन्द्रले महिला नेतृत्व विकासलाई प्रवर्द्धन गर्न तालिम तथा सशक्तीकरणका लागि काम गर्दै आएको जानकारी दिए ।

निर्वाचन प्रणालीका लागि अन्तर्राष्ट्रिय आधार कार्यक्रम प्रबन्धक सौरभा सुवेदीले राजनीतिक र निर्णय प्रक्रियामा लैंगिक समानता कायम गर्न संस्थाले क्षमता अभिवृद्धिलगायतका कार्यक्रम गर्दै आएको बताइन् । सोही अवसरमा सांसद ईश्वरी घर्तीमगरले निर्वाचन क्षेत्र पहुँचयोग्य बनाउनुपर्नेमा जोड दिइन्। राष्ट्रियसभासदस्य सुरेश आलेमगरले संविधानको मर्मअनुसार समानुपातिक प्रणालीको सदुपयोग गर्नुपर्ने बताए ।

साथै सरस्वती सुब्बाले महिला सहभागिता सुनिश्चित गर्न निर्वाचन क्षेत्र सुरक्षित गरी महिला महिलाबीच प्रतिस्पर्धा हुनुपर्नेमा जोड दिइन् । कार्यक्रममा समानुपातिक प्रणालीबाट दुई पटकभन्दा बढी सदस्य हुन नपाउने व्यवस्थाजस्तै प्रत्यक्षतर्फ निर्वाचित सांसदको पनि समयवधि विधेयकमा व्यवस्था गर्नुपर्ने, लक्षित वर्गलाई पहुँच गराउन पहल गर्नुपर्ने, महिलाभित्रको समावेशी समावेश गर्नुपर्ने, प्रत्यक्षतर्फ आरक्षण सुनिश्चित गर्नुपर्नेलगायतका विषयमा छलफल गरिएको थियो ।

# सकियो श्रीचन्द्रविनायक तथा श्री भैरवनाथ जात्रा

**काठमाडौं–** श्री चन्द्रविनायक तथा श्री भैरवनाथ जात्रा अमालकोट कचहरीका द्वारेले अबिर चढाएपछि सम्पन्न भएको छ । कार्तिक शुक्ल पूर्णिमाका दिन सुरु भएको जात्रा श्री चन्द्रविनायक र भैरवनाथलाई अबिर चढाएपछि मार्ग शीर्ष कृष्ण तृतीयाका दिन बिहीबार सकिएको हो । जात्रा करिब साढे ३०० वर्ष पुरानो भएको विश्वास गरिन्छ । नेपाल संवत् ८०१ मा राजा भूपालेन्द्र मल्लले यो जात्राको सुरुआत गराएको स्थानीयवासीको भनाइ छ । जात्रा सफलतापूर्वक समापन भएको खुसियालीमा चावहिल क्षेत्रमा बिहीबार सिन्दूर जात्रा गरिएको छ।

जात्रा कार्तिक शुक्ल पूर्णिमाका दिनदेखि चावहिल क्षेत्रमा सुरु भएको थियो । प्रत्येक वर्ष कार्तिक शुक्ल पूर्णिमादेखि मार्ग शीर्ष कृष्ण तृतीयासम्म चार दिन पशुपति, जयवागेश्वरी, मित्रपार्क, चावहिल र चुच्चेपाटी क्षेत्रमा चन्द्रविनायक जात्रा मनाउने गरिन्छ ।

जात्राको पहिलो दिन 'मलजा नकेगु' कुमार कुमारीको पूजा गरेर विनायकको प्रसाद खुवाइएको थियो । चन्द्रविनायक उपत्यकाका चार विनायकमध्ये एक हो । चन्द्रविनायकलाई पशुपतिनाथको छोरा हो भन्ने धार्मिक मान्यता पनि छ । यसै मान्यताका आधारमा चन्द्रविनायक जात्रालाई पशुपतिनाथ मूल मन्दिर पनि घुमाइएको थियो । पशुपतिनाथ अमालकोट कचहरीका द्वारेले कार्तिक शुक्ल पूर्णिमाका दिन बिहान चन्द्रविनायक मन्दिरमा विशेष पूजा गरेपछि जात्रा सुरु भएको हो ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८०/०८/१५

यस कम्पनीको मिति २०७९/०७/१६ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एम. डब्लु एडभेन्चर प्रा.लि. (प्रा.लि. नं. १२८१२३** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०७/१८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मेरोवे एडभेन्चर नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


# उच्च अदालतमा श्रव्यदृश्यमार्फत सुनुवाइ

**काठमाडौं (प्रस)–** उच्च अदालतका जुम्ला, महेन्द्रनगर, धनकुटा र हेटौंडामा बिहीबारदेखि श्रव्यदृश्यको माध्यमबाट मुद्दाको सुनुवाइ प्रारम्भ गरिएको छ ।

सर्वोच्च अदालतमा बिहीबार पत्रकार सम्मेलनको आयोजना गरी उक्त चार उच्च अदालतमा श्रव्यदृश्यमार्फत सुनुवाइको प्रारम्भ प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले गरेका हुन् । उनले प्रविधिको माध्यमबाट मुद्दाको सुनुवाइ गर्दा समयको बचत हुने, कम खर्चिलो हुने र आमजनतामा न्यायमा पहुँच पुग्ने उद्देश्यले सेवा प्रारम्भ गरिएको जानकारी दिए ।

'प्रविधिको माध्यमबाट न्यायमा पहुँच पुऱ्याउने कामको सुरुआत गरिरहेका छौं, नेपालको भूधरातलीय स्थितिले गर्दा दुर्गम क्षेत्रमा मानिसलाई एक गाउँबाट अर्को ठाउँमा पुग्न निकै कठिनाइ हुन्छ,' प्रधानन्यायाधीश श्रेष्ठले पत्रकार सम्मेलनमा भने, 'छिटो छरितो, सरल, सुलभ तरिकाले प्रविधिमार्फत नागरिकमा न्यायमा पहुँच पुऱ्याउने उद्देश्यले सुरु गरिएको हो, सबै उच्च अदालतमा यो सेवा आगामी दिनमा गरिने तयारी छ ।'

सर्वोच्च अदालतमा कोभिड-१९ का समयमा श्रव्यदृश्यका माध्यमबाट मुद्दाको सुनुवाइ प्रारम्भ गरिएको थियो । अहिले देशभरको जुनसुकै स्थानबाट पनि कानुन व्यसायीले सर्वोच्च अदालतमा आफ्नो मुद्दामा बहस गर्न सक्ने भएका छन् ।

त्यस्तै एक वर्षअघि उच्च अदालत दिपायल र इलाममा पनि मुद्दाको सुनुवाइ श्रव्य, दृश्यमार्फत बहस सुरू गरिएको थियो । उक्त अनलाइनबाट मुद्दाको सुनुवाइ गर्दा कानुन व्यवसायीले आफ्नै ठाउँमा बसेर मुद्दामा बहस गर्न सक्ने छन् ।

मुद्दाको अनलाइनबाट सुनुवाइ गर्नका लागि एउटा निवेदन दिनुपर्ने छ । सोहीअनुसार सर्वोच्च अदालतका सूचना प्रविधि शाखाले उक्त मुद्दाको पासवर्ड र आइडी बनाई प्रवाह गर्नेछ र जुममार्फत कानुन व्यवसायीले बहस पैरवी गर्ने व्यवस्था गरिएको छ ।


## Chautara Sangchokgadhi Municipality
## Office Of The Municipal Executive
### Chautara, Sindhupalchok
### Bagmati Province, Nepal

## Re- Invitation for Electronioc Bids

**Re-Invitation for Electronic Bids for the Upgrading works of Sangachok Bhanjyang Padhero Gadhi Road Sector, ward no-12**

**Contract Identification No: CSGM/NCB/WORKS-12/2080/081.RE**

**Date of publication: 2080/08/15 (01st Dec 2023**

The Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for the construction of the following works under NCB Procedures.

| Contract Identification No | Description | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB/ WORKS-12-/ 2080/081.RE | Upgrading works of Sangachok Bhanjyang Padhero Gadhi Road Sector, CSGM-12 | Rs. 29,47,558.94 | Rs. 84,000.00 | Rs. 3,000.00 | 2080/09/02 (18th Dec 2023) at 12:00 hrs | 2080/09/02 (18th Dec 2023) at 13:00 hrs |

1. Eligible Bidders may obtain further office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Limited, Chautara Branch
   Name of Office: Chautara Sangachokgadhi Municipality
   Account Number (Aantarik Rajashwo Khata for bid document fee): 05703000001001000001
   Dharauti Khata No. 05703000003000000001
   Office Code No: 801032701
   Rajaswa (revenue) Shirshak no: 14229
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. on or before as mentioned above.
4. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of 84,000.00. which shall be valid for 30 days beyond the validity period of the bid.
5. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Chautara Sangachokgadhi Municipality.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
9. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
10. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Chautara Sangachokgadhi Municipality notice board, Municipality Official Website and in bid addendum.

**Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## रविको रवैया पुरानै दलको

पुराना राजनीतिक दलको आसेपासे प्रवृत्तिको चर्को विरोध गर्दै टेलिभिजनको पर्दाबाट छाएका नेता हुन् रवि लामिछाने । जनताका समस्यामा सरकारी संयन्त्रविरुद्ध खरो उत्रने उनका हरेक अभियानमा जनताले साथ दिन्थे । सामाजिक सञ्जालबाटै हाइहाइ मिलेको लामिछानेले यही वाहवाहीबाट हौसिएर दलसमेत बनाए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पहिलो चुनावमै अभूतपूर्व सफलतासमेत पायो । प्रत्यक्ष र समानुपातिक गरी २० सिट लिएर देशकै चौथो शक्ति बनेर प्रतिनिधिसभा छिरेको लामिछानेको पार्टीलाई अग्रगामी सोच भएको दलको रूपमा हेरिन्थ्यो ।

लामिछानेको इन्ट्री संसद्मामात्र हैन सरकारमा पनि हेर्न लायक थियो । तर, पहिलो निर्वाचनबाट सीधै उपप्रधान तथा गृहमन्त्रीको चाबी पाएका उनी लामो समय सरकारमा टिक्न सकेनन् । कारण बन्यो नागरिकता पुनः प्राप्तिको प्रक्रिया पूरा नगरेको । व्यवस्थाविरुद्ध नारा उरालेर चर्चामा आएका लामिछाने त्यसपछि विस्तारै सेलाउन थाले । मन्त्री बन्नका लागि घुस मागेको आरोप उनीमाथि लाग्न थाल्यो । जसकारण डा. ढाकाकुमार श्रेष्ठको सांसद पदसमेत खोसे उनले । यी घटनाका कारण आलोचित हुँदै आएको लामिछानेले पछिल्लो केन्द्रीय समिति विस्तारमा झनै अनुदार देखिएका छन् । लामिछानेले योग्यता र योगदानलाई भन्दा पनि आफ्ना आसेपासेलाई पदाधिकारीको पद दिलाएका छन् ।

१३ सदस्यीय पदाधिकारीमा निकट विपिन आचार्यलाई सहमहामन्त्री, दीपक बोहरालाई सहकोषाध्यक्ष तथा रमेश प्रसाईं र प्रतिभा रावललाई सहप्रवक्ताको जिम्मेवारी दिएका छन् । चारैजना लामिछानेले पार्टी गठन गर्नुअघि काम गर्ने न्युज २४ टेलिभिजनका सहकर्मी हुन् । बोहरा र आचार्य लामिछानेका विश्वासपात्र हुन् । बोहरालाई अझै माथिल्लो पद दिने लामिछानेको तयारी रहे पनि थप आलोचित हुने डरले सहकोषाध्यक्षमात्र बनाएको आरोप उनकै पार्टीका नेताहरूले लगाएका छन् । यसैगरी प्रसाईंसँग पनि लामिछानेको पछिल्लो निकटता रहँदै आएको छ । संसद्मा प्रभावकारी भूमिका निर्वाह गर्दै आएका मनिष झालाई सहमहामन्त्री बनाइए पनि आचार्य र बोहरालाई मर्यादाक्रममा माथि राखिनुले पनि लामिछानेको नातावाद प्रस्ट पार्छ ।

सुरुदेखि नै उपसभापति रहेका डिपी आर्याल लामिछानेकै विश्वासपात्र हुन् । संसद्मा प्रभावकारी भूमिका निर्वाह गर्दै अर्का सांसद सन्तोष परियार र विराजभक्त श्रेष्ठलाई पार्टीमा केन्द्रीय सदस्यमात्र दिइएको छ । सन्तोष र विराजभक्त दुवै यसअघि पार्टीको संसदीय दलको प्रमुख सचेतक र उपनेता हुन् । यसैगरी कांग्रेस छाडेर तनहुँ क्षेत्र २ मा होमिएका अर्थविद् स्वर्णिम वाग्लेलाई पनि लामिछानेले सीधै उपसभापति पद दिएका छन् । पुरानो दलको विरोध गरेर शक्ति जमाएका लामिछाने अहिले पुरानै दलको कित्तामा उभिँदा उनले सम्झनैपर्ने कुरा हो, हिजोको जनाधार । लामिछानेज्यू, यसरी भुसुक्कै जनाधार बिर्सेर नयाँ शक्तिको खोल कतिञ्जेल ओडिरहने ?

मननयोग्य

### चाणक्य नीति

होइन देवी ! नन्द कसैको असल चाहँदैन । चाणक्यले चन्द्रगुप्तलाई मगधको राजसिंहासन दिलाउनेछ । चाणक्य छउन्जेल नन्द अथवा नन्दका कुनै पनि व्यक्तिले तपाईले चन्द्रगुप्तको रौँ पनि टेडो (बाङ्गो) पार्न सक्तैनन् र मगधका लागि तपाईले संकीर्ण स्वार्थको त्याग अवश्य गर्नुपर्छ । मगधका व्यक्ति-व्यक्तिले तपाईंको यो उपकारको ऋणी भएको महसुस गर्नेछन् । यो सबै सुनी मुराले दुःखित हुँदै भनिन्- 'तपाईंहरू नै जान्नोस, म आफ्नो कलेजाको टुक्रा तपाईंका जिम्मा दिदैछु अब यसको संरक्षक तपाईं हुनुहोस् ।'

यो कुरा चन्द्रगुप्त चुपचाप सुनिरहेथे । चाणक्यको दृष्टि चन्द्रगुप्तपट्टि थियो । यो देखी चन्द्रगुप्तले चाणक्यलाई दण्डवत् गरे र भने- 'स्वामी !' यति हतार नगरी गुरुदेव ! यदि उसलाई हामीले बन्दी बनाइराख्यो मन पनि के विग्रिन्छ र ? के बिगार्न सक्छ र उसले ?

मुराले नचिनेका दुई अनौठा मानिस आएको देखी आसन ओछ्यान । युवक चन्द्रगुप्तले प्रणाम गरी पानीको व्यवस्था गरे । चाणक्यले चन्द्रगुप्तलाई गहिरिएर हेरे । एकछिनपछि मुरालाई शकटारले आफूहरू आउनुपर्ने प्रयोजन बताए । अब सय आयो, हामी तिम्रा चन्द्रगुप्तलाई चाहान्छौं । मुराले भनिन्-'म दुःखीको एक मात्र सहारा यही छ, यसलाई म कसरी दिऊँ ।'

गौरसँग हेर्दै चाणक्यले भने-'देवी ! तपाई धन्य हुनुहुन्छ, जसका कोखबाट चन्द्रगुप्तजस्तो पुत्र प्राप्त भयो र हामी यिनलाई समयमै वीरता र धीरताको शिक्षा दिन खोजिरहेछौं ।' 'आज राजा नन्दको अत्याचार, भोग-विलासका कारण सम्पूर्ण मगध नयाँ शासकका लागि पर्खिरहेछ । नन्दका नन्दका चारैतिर चाकडी र प घेराउ छ । जसले पनि आफ्नै ढुकुटी गरिरहेछन, कसैलाई छैन । यस्तो अवस्थामा मगधलाई वीरतापूर्वक सही आफ्नो माता गर्ने एक साहसी राजाको आवश्यकता छ । यी सबै गुण हामीले चन्द्रगुप्तमा देख्यौ ।

मुराले दयनीय अवस्थामा भनिन्-'महाराज ! यो सबै ठीक छ तर म यो चाहन्न राजनीतिका खेलमा म दुःखीको एक मात्र सहारा बलिदानञ होओस् । अर्को कुरा नन्दलाई मुराको पुत्र हो भन्ने आभास मात्रै भए पनि नन्दले यसको हत्या गराउँछ ।'

# 'संघ सरकारले शासन होइन, समन्वय गर्ने हो'



गंगानारायण श्रेष्ठ
आन्तरिक मामिला तथा कानुनमन्त्री, बागमती प्रदेश

**बा**गमती प्रदेशको आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले मुलुकमा राजनीतिक परिवर्तनका लागि ज्यानकै बाजी राखेर आन्दोलनमा होमिने एक भद्र र जुझारु व्यक्तित्वका रूपमा राष्ट्रिय राजनीतिमा आफ्नो परिचय बनाएका छन् । गत निर्वाचनमा सिन्धुलीबाट प्रदेशसभा सदस्य निर्वाचित उनी बागमती प्रदेशको मन्त्रीका हैसियतले समग्र शान्ति सुरक्षा र कानुन कार्यान्वयनको जिम्मेवारीमा रहेका छन् । प्रस्तुत छ, प्रदेश संरचना, भइरहेका अभ्यास, अधिकार हस्तान्तरण, कानुनी जटिलता, जनताका माग, पार्टी एकीकरण र राज्यका प्राथमिकतालगायत समसामयिक विषयमा नेपाल समाजवादी पार्टीका सहअध्यक्ष एवं **प्रदेशमन्त्री श्रेष्ठ**सँग *राससका* **नारायण न्यौपाने**ले गरेको कुराकानीः

**मुलुकमा गएको आठ वर्षमा संघीयता कार्यान्वयनमा भएको अभ्यासलाई यहाँले कसरी हेर्नुभएको छ ?**

संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान घोषणाले देश २४० वर्षपछि संघात्मक प्रणालीमा प्रवेश गर्‍यो । यो हाम्रा लागि नितान्त नयाँ प्रणाली र संरचना भएको हुँदा बुझ्ने र प्रयोग गर्ने सन्दर्भमा स्वाभाविकरूपमा अनुभवको कमी थियो र छ भन्ने प्रतिविम्ब देखिन्छ । लामो समयको केन्द्रिकृत अभ्यासको 'ह्याङ' राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्र सबैतिर देखिन्छ । सँगसँगै हामीले अवलम्बन गरेको निर्वाचन प्रणालीले एउटा दल विशेषको बहुमत आउँदैन । सरकार बनाउन बहुमत चाहिन्छ । त्यसका लागि लागि गठबन्धन गर्नैपर्‍यो । गठबन्धन गरिँदा राजतन्त्र पुनःस्थापना र संघीयता खारेजीको मुद्दा बोकेका तथा राजतन्त्र अन्त्य गरी संघीयता र गणतन्त्रको नेतृत्व गरेका दलहरू एकैठाउँमा रही सरकार सञ्चालन गर्नुपर्दा संघीयता कार्यान्वयनको प्रभाव कति होला भनी सहज अनुमान गर्न सक्छौं । यी विविध खाले जटिलताका बीच संघीयतालाई संस्थागत र सुदृढ गर्न प्रदेशलाई बलियो र सक्षम बनाउनुको विकल्प छैन ।

**संघीयता कार्यान्वयनको सन्दर्भमा यसबीचमा कानुन तर्जुमामा भएको उपलब्धि र समस्यालाई कसरी हेर्न सकिन्छ ?**

यसबीचमा संघीयतासँग जोडिएका कतिपय कानुन बने, कतिपय बन्न बाँकी छन् । बनेका ऐन कानुनलाई कार्यान्वयनमा लैजान अहिले पनि विविध समस्या छन् । जस्तो प्रहरी समायोजनसम्बन्धी कानुन २०७६ सालमा बनेको हो नि ! त्यो ऐन आजसम्म कार्यान्वनमा नहुँदा प्रदेशको काम कारबाहीप्रति नै प्रदेशवासीले प्रश्न उठाउन थालेका छन् । प्रदेश सरकारको कार्यसम्पादनप्रति नै प्रश्न उठ्यो । यी र यस्तै विषयमा प्रधानमन्त्री र गृहमन्त्रीलाई भेटेर लिखितरूपमै प्रहरी समायोजनका विषयमा ध्यानाकर्षणपत्र बुझाएका छौं । उहाँहरूले छिटोभन्दा छिटै ऐनअनुरूप समायोजन गर्छौं भनी प्रतिबद्धता जनाउनुभएको छ । विश्वास छ, यो काम छिट्टै हुने छ । संविधानमा संघीय, प्रदेश र स्थानीय सरकारको एकल र साझा अधिकारका विषयमा प्रष्ट उल्लेख छ । त्यसअन्तर्गत बनेका प्रहरी समायोजन ऐनसहितका कानुन कार्यान्वयनमा गएनन् । संघीय निजामती र शिक्षा ऐन त बनेकै छैन । यसले प्रदेश सरकारलाई समस्या भयो । जनतालाई ऐन बन्यो वा बनेन भनी चासो लिने कुरा भएन । केवल परिणाम चाहियो । संविधानले जनतालाई दिएका हकअधिकार छिटो कार्यान्वयनमा लैजान जटिलता परेको छ । संघीय सरकारबाट ती कानुन निर्माणमा उदासीनता देखिएको हो कि भनी हामी ध्यानाकर्षण गर्न आएका हौं ।

**कानुन निर्माणमा प्रदेश सरकारको अग्रसरता र उपलब्धि कस्तो छ त ?**

प्रदेश सरकारले एकल सूचीमा रहेका विषयमा जोडिएका कानुन फटाफट बनाएको छ, जब साझा अधिकार सूचीको कुरा आउँछ, स्वाभाविकरूपमा उसका सहयात्री र सरोकारवालासँग छलफल गर्नुपर्छ । प्रदेशले संघ र स्थानीय तहसँग पनि समन्वय गर्नुपर्‍यो । यो विषयमा हामीलाई समस्या भइरहेको छ । शान्ति सुरक्षा प्रदेशको जिम्मा भनेर सविधानमा लेखिएको छ । तर त्यो संघीय सरकारले पनि हेर्छ । प्रहरी ऐनअनुसार सरकारले समयोजन नगरिदिँदा हामीलाई अप्ठेरो परेको छ । कि भर्ना गर्न हामीलाई अधिकार दिनुपर्‍यो । अहिले भइरहेकै नेपाल प्रहरीलाई समायोजन गरेर प्रदेश प्रहरी बनाउने हो । त्यतातिर नेपाल सरकारको ध्यान छिटो जाओस् भन्ने हाम्रो माग हो ।

**प्रदेश सरकारको विकास निर्माण र योजना छनोटमा राजनीतिक गन्ध र सौदाबाजी हुने गर्छ भन्ने आरोप छ नि ?**

